थाहा नगरपालिका

नगरपालिकाको कार्यालय

इन्द्रायणीचौर, मकवानपुर

## जैघाँसको बिउ खरिद सम्बन्धी गोप्य सिलबन्दी दरभाउ आव्हानको सुचना

प्रथम पटक प्रकासित मिति : २०८०/०५/०१

यस थाहा नगरपालिका कृषि विकास उपशाखा अन्तर्गत चालु वर्ष २०८०/८१ हिउँदे जै घाँसको बिउ खरिद कार्य गोप्य सिलबन्दी दरभाउपत्रबाट तत्काल गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक समूह फर्म तथा व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी आव्हान गरिएको छ ।

### शर्तहरु

१. दरभाउ पत्र पेश गर्ने व्यवसायीहरुले नविकरण भएको संस्था दर्ता प्रमाण पत्र, आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, प्रोपाइटर स्वयं उपस्थिती हुन नसकेमा नीजको आधिकारीक मञ्जुरीनामा र यस कार्यालयको राजश्व शाखा वा थाहा नगरपालिकाको कृषि विकास बैंकमा रहेको आन्तरिक राजश्व खाता नं ०५०८४०११५५६३८१२१ मा रु १००० जम्मा गरेको भौचर अनिवार्य संलग्न राखी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

२. दरभाउ खरिद गर्ने अन्तिम मिति २०८० /०५/१५

३. दरभाउ पत्रदाताले जमानत वापतको रकम नगदै जम्मा भएमा थाहा नगरपालिकाको कार्यालय पालुङ शाखा कार्यालय स्थित कृषि विकास बैंकमा रहेको धरौटी खाता नं. ०५०८४०११५५६३८०४९ मा धरौटी रकम जममा गरेको भौचर जम्मा वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको ( दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधी भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ । वा नगदै जम्मा गर्न सकिनेछ ।

४. रित पूर्वक खरिद भएका दरभाउ पत्र सोही दिन मिति २०८०/०५/१६ गतेको दिनको १२ बजे सम्म दर्ता गरी सक्नुपर्नेछ । रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर हुनै कार्बाही गरिने छैन ।

५. दर्ता हुन आएका सिदबन्दी दरभाउ पत्र सोही दिन मिति : २०८०/०५/१६ गतेको दिनको २ बजे दरभाउ पत्रदाता स्वं. वा निजको प्रतिनिधी र कार्यलयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खनेलिनेछ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि दरभाउ पत्र खोल्न बाधा पर्नेछ ।

६. दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सोको भोली पल्ट सोही समयमा हुने छ ।

७.दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नुपर्नेछ र सो फारामको प्रत्येक पानामा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरी पेश गर्नुपर्नेछ ।

८. एउटा फर्म वा कमपनीले खरिद गरेको दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा निजले पेश गरेको दरभाउपत्र अमान्य हुनेछ ।

९. दरभाउ पत्र पेशगर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।

१०. आफुले दाखिला गरेको दरभाउ पत्र फिर्ता चाहेमा अनिवार्य दरभाउ पत्र दाता स्वंयम वा निजको आधिकारीक प्रनिनिधि उपस्थित भई सक्कलै निवेदन पेश गर्नुपर्नेछ । फ्याक्स वा अन्य कुनै माध्यम बाट प्राप्त निवेदन मान्य हुने छैन ।

११. दरभाउदाताले बिउ परिक्षण गरेको रिपोर्ट समेत भएको उन्नत बिउ उपलब्ध गर्नुपर्नेछ ।

१२. हिउँदे जै घाँसको बिउ खरिद कार्यक्रमा ८० प्रतिशत साझेदारी कार्यक्रम भएको हुंदा दरभाउ पत्रमा कबोल गरेको रकमको ८० प्रतिशत कार्यालय र २० प्रतिशत कृषक बाट गरेर कार्यालय मार्फत एकमुष्ट भुक्तानी हुनेछ ।

१३. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

| क्र.स. | दरभाउ पत्र नं. | विवरण | परिमाण के.जी | ठेक्का जमानत रकम रु | दरभाउपत्र फारम दस्तुर रु. | केफियत |
|---|---|---|---|---|---|---|
| १ | ५ /२०८०/०८१ | जै घाँस | १०००० | ५०००० | १००० | |

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

थाहा नगरपालिका

नगरपालिकाको कार्यालय

इन्द्रायणीचौर, मकवानपुर

## परिमाणको मात्रा BOQ

कार्यक्रमको नामः थाहा नगरपालिका अर्न्तगत विभिन्न जातको उन्नत जैघाँस वीउ खरिद (कार्यालय सम्म ढुवानी समेत)

आ.व. २०८०/८१

दरभाउपत्र नं. ........

| क्र.स | विउ जै घाँस | | दर (प्रति के.जी.) अंकमा | दर (प्रति के.जी( अंकमा | जम्मा |
|---|---|---|---|---|---|
| | विवरण | परिमाण | | | |
| | | | | | |
| | | | | | |

फर्मको नामः

ठेगानाः

सहि छापः

मितिः

मोवाइल नम्बरः